लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर,रोल्पा।

५ नं प्रदेश,नेपाल ।

प.स.:२०७६/०७७

मितिः २०७६/०५/३१

च.न.:

## सूचना --- सूचना --- सूचना

संघीय सरकारको परिपत्र बमोजिम साथै लुङ्ग्री गाउँकार्यपालिकाको मिति २०७६ भाद्र २७ को निर्णय अनुसार असोज ०३ गते संबिधान एबं राष्ट्रिय दिवस तपसिल बमोजिमका बिबिध कार्यक्रम गरि असोज २,३ र ४ गते तीन दिन सम्म भव्यताका साथ मनाउनका लागि गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरु, स्वास्थ्य चौकीहरु, बिद्यालयहरु, नागरिक समाज, जनप्रतिनिधिहरु, कर्मचारीहरुलाई जानकारी गराइन्छ ।

तपसिलः

| मिति | कार्यक्रम |
|---|---|
| असोज २ गते | गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरु, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, बिद्यालयहरु, विभिन्न संघसंस्थाका कार्यालयहरुमा तथा नागरिकका घर घरमा सरसफाई गर्ने तथा राष्ट्रिय झण्डा फहराउने, साँझमा दिपावली गर्ने । |
| असोज ३ गते | बिहान ७ बजे गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरु, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, बिद्यालयहरु, विभिन्न संघसस्था, नागरिक समाज, जनाप्रतिनिधिहरु तथा कर्मचारीहरु आ-आफ्नो पहिचान झल्किने पोशाकमा सहभागी भई राष्ट्रिय झण्डा तथा ब्यानर एबं साँस्कृतिक झाँकी सहित गाउँपालिका वरपर प्रभात फेरी गर्ने ।<br>बिहान ८ बजे देखि ११ बजे सम्म बिबिध औपचारीक कार्यक्रम गर्ने ।<br>साँझमा दिपावली गर्ने । |
| असोज ४ गते | गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरु, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, बिद्यालयहरु, विभिन्न संघसंस्थाका कार्यालय प्रांगणमा तथा नागरिकका घर घरमा बृक्षारोपण गर्ने ।<br>साँझमा दिपावली गर्ने । |

प्रमुख प्रशासकिय अधिकृत